# आकाशवाणी समाचार- नेपाली

मितिः २६ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी लगानीकर्ताहरू, विशेष गरी खाद्य क्षेत्रका लगानीकर्ताहरूले, भारततर्फ ठूलो आशाका साथ हेरिरहेको बताउनुभएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत बिहारमा मुख्यमंत्री महिला योजनाको सुरुवात गर्नुहुनेछ।

- विदेशमन्त्री डा. एस. जयशंकरले अनिश्चितताको समयमा आत्मनिर्भरता, प्रविधि, बहुध्रुवीयता र दक्षिण-दक्षिण सहयोगले विश्वलाई बलियो बनाउने बताउनुभएको छ।

- बन्दरगाह, जहाजरानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले हिज जवाहरलाल नेहरू बन्दरगाह प्राधिकरणमा विद्युतीय ट्रकहरूको नयाँ फ्लीटलाई झण्डा देखाउँदै प्रस्थान गराउनुभयो।

- पाकिस्तान एसिया कप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। आज दुबईमा सुपर फोरको म्याचमा भारतले श्रीलंकाको सामना गर्नेछ।

**प्रधानमंत्री - वर्ल्ड फूड इंडिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी लगानीकर्ताहरू, विशेष गरी खाद्य क्षेत्रका लगानीकर्ताहरूले, भारततर्फ ठूलो आशाका साथ हेरिरहेको बताउनुभएको छ। हिजो नयाँ दिल्लीमा आयोजित वर्ल्ड फूड इन्डिया कार्यक्रममा प्रधानमन्त्रीले घरेलु मागले भारतलाई प्रतिस्पर्धी र लगानीकर्ताहरूको लागि मनपर्ने राष्ट्र बनाउँछ भनि बताउनुभयो। २१ औं शताब्दीका चुनौतीहरूलाई स्वीकार गर्दै, प्रधानमन्त्रीले जब जब विश्वव्यापी चुनौतीहरू उत्पन्न भएका छन्, भारतले निरन्तर सकारात्मक भूमिका खेलेको छ भनि बताउनुभयो।श्री मोदीले भारतले विश्वव्यापी खाद्य सुरक्षामा सक्रिय रूपमा योगदान पुर्याई रहेको पनि बताउनुभयो। उहाँले जब-जब विश्वव्यापी बाली संकट वा आपूर्ति शृङ्खलामा अवरोध आएको छ, भारत दृढतापूर्वक उभिएको छ र आफ्नो जिम्मेवारी पूरा गरेको बताउनुभयो। विश्वव्यापी हितमा आफ्नो क्षमता र योगदान विस्तार गर्ने भारतको प्रतिबद्धतालाई जोड दिनुहुदै श्री मोदीले भन्नुभयो  सरकारले प्रत्येक सरोकारवालाहरूको सहयोगमा सम्पूर्ण खाद्य र पोषण पारिस्थितिक प्रणालीलाई बलियो बनाउँदैछ।प्रधानमन्त्रीले भन्नुभयो आज भारतमा विश्वको तेस्रो ठूलो स्टार्टअप इकोसिस्टम छ। देशका धेरै स्टार्टअपहरू खाद्य र कृषि क्षेत्रमा काम गरिरहेका छन्। उहाँले भारतका २५ करोड मानिसहरू विगत दश वर्षमा गरिबीबाट बाहिर निस्केको पनि बताउनुभयो। श्री मोदीले  कृत्रिम बुद्धिमत्ता, ई-वाणिज्य, ड्रोन र एपहरू जस्ता प्रविधिहरूलाई खाद्य क्षेत्रमा एकीकृत गरिँदैछ, जसले आपूर्ति शृङ्खला, खुद्रा र प्रशोधन विधिहरूलाई रूपान्तरण गर्दैछ भनि बताउनुभयो।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फरेन्स मार्फत बिहारमा मुख्यमंत्री महिला योजनाको सुरुवात गर्नुहुनेछ। श्री मोदीले बिहारका ७५ लाख महिलाको खातामा दश हजार रुपैयाँ स्थानान्तरण गर्नुहुनेछ। प्रधानमन्त्री कार्यालयले एक विज्ञप्तिमा बिहार सरकारको यो पहलले महिलाहरूलाई आत्मनिर्भर बनाउने र स्वरोजगार र जीविकोपार्जनका अवसरहरू मार्फत महिला सशक्तिकरणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको बताएको छ। यो योजना समुदायमा आधारित हुनेछ र लाभार्थी महिलाहरूलाई स्व-

सहायता समूहहरूसँग जोड्न आर्थिक सहयोग र प्रशिक्षण प्रदान गर्नेछ।यसले लाभार्थीहरूलाई स्व-रोजगार सुरु गर्ने र आफ्नो इच्छा अनुरुप भविष्य बनाउने अवसर प्रदान गर्नेछ र आर्थिक स्वतन्त्रता र सामाजिक सशक्तिकरणलाई प्रवर्द्धन गर्नेछ।

**जयशंकर-ओ.आर.एफ.**

विदेशमन्त्री डा. एस. जयशंकरले अनिश्चितताको समयमा आत्मनिर्भरता, प्रविधि, बहुध्रुवीयता र दक्षिण-दक्षिण सहयोगले विश्वलाई बलियो बनाउने बताउनुभएको छ। न्यूयोर्कमा अब्जर्भर रिसर्च फाउन्डेसनको वार्षिक प्यानल छलफलमा बोल्नुहुदै डा. जयशंकरले विश्वव्यापी कार्यबलको उदयले समकालीन आवश्यकताहरूलाई सम्बोधन गर्ने बताउनुभयो। उहाँले व्यापार शुल्क र गैर- शुल्क अवरोधहरूलाई सम्बोधन गरिने बताउनुभयो। डा. जयशंकरले नयाँ चासो र अवरोधहरूद्वारा संचालित नयाँ व्यापार व्यवस्थाहरू देखा पर्ने बताउनुभयो।

**अमित शाह-कोलकाता**

गृह तथा सहकारी मन्त्री अमित शाहले आज कोलकातामा तीन दुर्गा पूजा पण्डलको उद्घाटन गर्नुहुने छ। उहाँले कोलकाताको लेबुतलामा स्थित सन्तोष मित्र स्क्वायर दुर्गा पूजा पण्डलको उद्घाटन गर्नुहुनेछ। यस पूजाको विषयवस्तु अपरेशन सिन्दूरमा आधारित छ। श्री शाहले सेवक संघद्वारा आयोजित अर्को दुर्गा पूजाको पनि उद्घाटन गर्नुहुनेछ। त्यस पछि, उहाँले साल्ट लेकस्थित पूर्वी क्षेत्रीय सांस्कृतिक केन्द्रमा दुर्गा पूजा उद्घाटन कार्यक्रममा भाग लिनुहुनेछ।

**गृह मंत्रालय - सोनम वांगचुक**

गृह मन्त्रालयले सोनम वाङचुकको गैर-सरकारी संस्था (एनजीओ) को विदेशी अंशदान विनियमन अधिनियम- (एफसीआरए) प्रमाणपत्र रद्द गरेको छ। स्रोतहरूले बताएअनुसार आधिकारिक जानकारी अनुसार, सोनम वाङचुकले २०२१-२२ मा विदेशी अंशदान (नियमन) ऐनको उल्लङ्घन गर्दै संस्थाको एफसीआरए खातामा ३ लाख ५० हजार जम्मा गरे। एनजीओ को प्रवासन,, जलवायु परिवर्तन, खाद्य सुरक्षा र सार्वभौमिकता जस्ता मुद्दाहरूमा शैक्षिक कार्यक्रमहरूको लागि स्विडेनी दाताबाट 4 लाख 93 हजार दुई सय पांच रुपियाँ प्राप्त गरेको थियो। मन्त्रालयले राष्ट्रिय सार्वभौमिकता सम्बन्धी अध्ययनको लागि विदेशी अंशदान स्वीकार गर्न नसकिने र त्यस्ता गतिविधिहरू राष्ट्रिय हित विरुद्ध रहेको बताएको छ। मन्त्रालयले धारा ८(१)(क), १७, १८, १९, र १२(४) अन्तर्गत दर्ता आवश्यकताहरूको उल्लङ्घन भएको पाइएको बताएको छ। यी आधारमा, मन्त्रालयले आफ्नो अधिकार प्रयोग गऱ्यो र तत्काल प्रभावले गैरसरकारी संस्थाको एफसीआरए दर्ता प्रमाणपत्र रद्द गऱ्यो।

**सोनोवाल-हरित ऊर्जा**

बन्दरगाह, जहाजरानी तथा जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले राष्ट्रिय हाइड्रोजन मिसन र हरित ऊर्जामा बढी जोड दिएर शून्य कार्बन उत्सर्जन प्राप्त गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले हिज जवाहरलाल नेहरू बन्दरगाह प्राधिकरणमा विद्युतीय ट्रकहरूको नयाँ फ्लीटलाई झण्डा देखाउँदै प्रस्थान गराउनुभयो। यो हरित परिवहन र दिगो बन्दरगाह सञ्चालनतर्फको महत्त्वपूर्ण कदम हो।श्री सोनोवालले सरकारले समुद्री भारत भिजन २०३० र समुद्री अमृतकाल भिजन २०४७ मा काम गरिरहेको बताउनुभयो, जसको उद्देश्य भारतलाई विश्वको शीर्ष जहाज निर्माण राष्ट्रहरू मध्ये एक बनाउने हो। उहाँले २०३० सम्ममा भारत विश्वको शीर्ष १० जहाज निर्माण राष्ट्रहरू मध्ये एक हुनेछ र २०४७ सम्ममा शीर्ष पाँचमा बन्ने बताउनुभयो।

**निर्वाचन आयोग (ECI)**

निर्वाचन आयोग (ECI) ले चुनावमा पारदर्शिता र दक्षता बढाउन डाक मतपत्र गणना प्रक्रियामा महत्वपूर्ण परिवर्तन गरेको छ। यस भन्दा अघि, EVM को गणना डाक मतपत्र गणनाबाट स्वतन्त्र रूपमा सञ्चालन गरिन्थ्यो, कहिलेकाहीँ पूर्ण डाक मतपत्र गणना पूरा हुनुभन्दा पहिले नै समाप्त हुन्थ्यो। यसले भ्रम र प्रक्रियाको एकरूपताको बारेमा प्रश्नहरू निम्त्यायो।यस समस्यालाई समाधान गर्न, निर्वाचन आयोगले सबै डाक मतपत्रहरू गणना गरिसकेपछि मात्र EVM/VVPAT गणनाको दोस्रो-अन्तिम चरण सुरु गर्न आदेश दिएको छ। यसले गणनाका दुई विधिहरू बीच एकरूपता सुनिश्चित गर्नेछ र विसंगतिको

सम्भावनालाई हटाउनेछ।निर्वाचन आयोगले हालैका चुनावहरूमा डाक मतपत्रहरूको संख्या उल्लेखनीय रूपमा बढेको बताएको छ। आयोगले निर्वाचन अधिकारीहरूलाई डाक मतपत्रहरूको संख्या बढी भएका निर्वाचन क्षेत्रहरूमा थप गणना टेबल र कर्मचारीहरू उपलब्ध गराउन पनि निर्देशन दिएको छ। यसले सहज र ढिलाइ बिना गणना सुनिश्चित गर्नेछ।

**राष्ट्रीय जल सुरक्षा**

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान र जल शक्ति मन्त्री सी.आर. पाटिलले संयुक्त रूपमा नयाँ दिल्लीमा राष्ट्रिय जल सुरक्षा अभियानको सुरुवात गर्नुभयो। यस अवसरमा, श्री चौहानले मनरेगा कोषको एक निश्चित भाग अब मनरेगा अन्तर्गत पानी संरक्षण कार्यहरूमा अनिवार्य रूपमा खर्च गरिने बताउनुभयो। उहाँले बताउनुभयो मनरेगाले "अत्यधिक पानीको अभाव" भएका ग्रामीण ब्लकहरूमा मनरेगा कोषको ६५ प्रतिशत पानी संरक्षण कार्यहरूमा खर्च गर्ने प्रावधान राखेको छ। त्यस्तै, मध्यम पानीको अभाव भएका ग्रामीण ब्लकहरूमा, मनरेगा कोषको ४० प्रतिशत पानी संरक्षण कार्यहरूमा लगानी गरिनेछ। उहाँले यो पहलले भावी पुस्ता, पशुधन, वन्यजन्तु, वातावरण र कृषिलाई फाइदा पुऱ्याउनेछ बताउनुभएको छ।जल शक्ति मन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीले सधैं पानी संरक्षणलाई उच्च प्राथमिकता दिएको बताउनुभयो। उहाँले यो निर्णय पानी सुरक्षा र ग्रामीण विकासको लागि महत्वपूर्ण कदम हुने बताउनुभयो।

**एसिया कप क्रिकेट**

पाकिस्तान एसिया कप क्रिकेट प्रतियोगिताको फाइनलमा पुगेको छ। दुबईमा भएको सुपर फोरको म्याचमा हिजो राति पाकिस्तानले बंगलादेशलाई एघार रनले पराजित गरेको छ। आइतबार हुने फाइनलमा पाकिस्तानले भारतको सामना गर्नेछ। एसिया कपको १७ औ संस्करणमा यो पहिलो पटक हुनेछ जब भारत र पाकिस्तानले एक अर्का विरुध फाइनल म्याच खल्नेछन् ।आज दुबईमा सुपर फोरको म्याचमा भारतले श्रीलंकाको सामना गर्नेछ।